# सैनिक मनोरञ्जन अनुदान (प्रदान गर्ने) नियमहरू, २०२१

नेपाल राजपत्रमा प्रकाशित मिति

२०२१।१२।३०

**संशोधन**

| | | |
|---|---|---|
| १. | सैनिक मनोरञ्जन अनुदान (प्रदान गर्ने) (पहिलो संशोधन) नियमहरू, २०२६ | २०२६।२।२७ |
| २. | सैनिक मनोरञ्जन अनुदान (प्रदान गर्ने) (दोस्रो संशोधन) नियमहरू, २०३४ | २०३५।१।४ |

सैनिक ऐन, २०१६ को दफा १६५ ले दिएको अधिकार प्रयोग गरी नेपाल सरकारले देहायका नियमहरू बनाएको छ :-

१. **संक्षिप्त नाम, विस्तार र प्रारम्भ** : (१) यी नियमहरूको नाम "सैनिक मनोरञ्जन अनुदान (प्रदान गर्ने) नियमहरू, २०२१," रहेको छ ।

∞(२) यी नियमहरू नेपाली सेनाका सुवेदार, जमदार अरू दर्जा (कम्वाटेण्ट) र एन. सी. (नन कम्वाटेण्ट) लाई लागू हुनेछ ।

(३) यी नियमहरू तुरुन्त प्रारम्भ हुनेछन् ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यी नियमहरूमा-

(क) "ऐन" भन्नाले ∇सैनिक ऐन, २०१६ लाई सम्झनु पर्छ,

(ख) "मनोरञ्जन अनुदान" भन्नाले नेपाली सेनाका जवानहरूको मनोरञ्जनको निमित्त चाहिने सामानहरू जस्तै खेलकुद, बाजा, रेडियो, रेकर्ड प्लेयर, समाचार पत्र र किताब आदिमा खर्च गर्न पनि प्रदान गरेको सुविधालाई सम्झनु पर्छ ।

---

∞ पहिलो संशोधनद्वारा संशोधित ।

∇ हाल सैनिक ऐन, २०६३ लागू रहेको छ ।

३. **मनोरञ्जन सुविधा पाउने र माग गर्नुपर्ने सम्बन्धमा** : मनोरञ्जन सुविधा सेनाको ब्याटल अर्डर (Battle Order) मा तोकिएको फर्मेशन, युनिट, सवयुनिटको तफ्रीबमोजिम दिइनेछ ।

४. **मनोरञ्जन अनुदान पाउने** : (१) इस्टाब्लिसमेण्ट बमोजिम फर्मेशन, युनिट सवयुनिटको तफ्रीलाई मात्र मनोरञ्जन सुविधाको अधिकार प्राप्त हुनेछ ।

(२) प्रत्येक व्यक्तिलाई वर्षको ♣तीन रुपैयाँको दरले मनोरञ्जन सुविधा प्रधान गर्न सकिनेछ ।

(३) कुनै युनिटको तफ्री एक सय जवानभन्दा घटी भएमा उक्त सवयुनिटले पाउने रकममा रु. ५०। पचास रुपैयाँसम्म थप र तीन सय सम्म तफ्री भएका सवयुनिटलाई रु. २५। पच्चीस रुपैयाँसम्म थपको दरले सुविधा रकम प्रदान गर्न सकिने छ ।

(४) सैनिक अस्पतालको इस्टाब्लिसमेण्टले पाउने मनोरञ्जन सुविधाको अतिरिक्त वार्षिक मनोरञ्जन रकम रु. २००।- दुईसय रुपैयाँ रोगीहरूको निमित्त छुट्टै थप गर्न सकिनेछ ।

(५) दुर्गमस्थान वा अनकण्टार वा एकलासे ठाउँमा साना साना टुकडिमा रहेको नेपाली सेनाका अङ्गहरूको निमित्त आफ्नो युनिट वा सवयुनिटबाट पाउने मनोरञ्जन सुविधाको थपमा वार्षिक खर्च रु. ५०।- पचास रुपैयाँसम्म छुट्टै थप दिन सकिनेछ ।

(६) जंगी अड्डा वा कुनै फर्मेशनद्वारा प्रतियोगितात्मक खेलकुद वा कुनै किसिमको मनोरञ्जन कार्य गर्न गराउन परेमा रु. २०००।- दुई हजार रुपैयाँसम्म विशेष मनोरञ्जन सुविधाको निमित्त जङ्गी अड्डालाई जिम्मा दिन सकिनेछ ।

५. **अन्य व्यवस्था मिलाउने अधिकार** : यी नियमहरू बमोजिम व्यहोरिने रकमको बाँडफाँड र अन्य व्यवस्था मिलाउने अधिकार प्रधान सेनापतिमा निहीत रहनेछ ।

तर आवश्यक परेमा निजले यस कामको निमित्त तोकेको कुनै अधिकृत वा विभागलाई सुम्पन सक्नेछ ।

♣ दोस्रो संशोधनद्वारा संशोधित ।

६. **स्वीकृत बजेटको रुपैयाँको व्यवस्था** : (१) आर्मि सप्लाई डिपोले स्वीकृत बजेट बमोजिमको रकम कौसीतोषा खाना मार्फत् जिम्मेवारी लिनेछ र सो रकम प्रधान सेनापतिको नाउँमा हस्तेवारी खर्च लेखिने छ ।

७. **मिन्हा गर्ने अधिकार** : यी नियमहरूको अधिनमा रही प्रधान सेनापतिले स्वीकृत बजेटको अंकमा ननाघ्ने गरी सो मनोरञ्जन अनुदानको रकम बाँडफाँड गर्न सक्नेछ र सो रकम खर्च भएको मनासिब बेमनासिब जाँची वा जँचाई ठीक ठहराएमा मिनाहा गर्न सक्नेछ ।

नेपाल कानुन आयोग

टिप्पणी : केही नेपाल कानुन (संशोधन) ऐन, २०२४ द्वारा "अफिसर" को सट्टा "अधिकृत" तथा सैनिक (तेस्रो संशोधन) ऐन, २०४० द्वारा " सेना" को सट्टा " नेपाली सेना" राखी रूपान्तर गरिएको ।